# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असार ५ गते २०५७ साल (अतिरिक्ताङ्क १२


## भाग ३

श्री ५ को सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ सम्झनु पर्छ ।

(ख) "चलचित्र" भन्नाले भिडियो चलचित्र समेतलाई जनाउँदछ ।

(ग) "इजाजतपत्र" भन्नाले ऐनको दफा ३ वा ४ बमोजिम चलचित्र निर्माण, वितरण तथा प्रदर्शन गर्न वा चलचित्र घर निर्माण गरी चलाउन दिएको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इजाजतपत्र सम्झनु पर्छ ।

(घ) "इजाजतपत्र प्राप्त व्यक्ति" भन्नाले खण्ड (ग) बमोजिमको इजाजतपत्र लिने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ङ) "चलचित्र निर्माण" भन्नाले सार्वजनिक रूपमा चलचित्र प्रदर्शन गर्ने उद्देश्यले चलचित्र निर्माण गर्ने काम सम्झनु पर्छ ।

(च) "निर्माता" भन्नाले चलचित्र निर्माण गर्न इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(छ) "वितरण" भन्नाले चलचित्र बिक्री गर्ने वा भाडामा दिने कार्य सम्झनु पर्छ ।

(ज) "वितरक" भन्नाले चलचित्र वितरण गर्न इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(झ) "प्रदर्शन" भन्नाले चलचित्र देखाउने कार्य सम्झनु पर्छ ।

(ञ) "प्रदर्शक" भन्नाले चलचित्र प्रदर्शन गर्न इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ट) "चलचित्र घर" भन्नाले भिडियो चलचित्र घर समेतलाई जनाउँदछ ।

(ठ) "सम्पर्क अधिकृत" भन्नाले यस नियमावलीमा उल्लेख भए बमोजिम चलचित्र छायाङ्कन भए नभएको सम्बन्धमा रेखदेख गर्न निर्मातासँग जानको लागि मन्त्रालयबाट खटिएको निजामती कर्मचारी सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(ढ) "बोर्ड" भन्नाले नियम २१ बमोजिम गठन भएको चलचित्र विकास बोर्ड सम्झनु पर्छ ।

(ण) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(त) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँदछ ।

(थ) "सदस्य-सचिव" भन्नाले बोर्डको सदस्य-सचिव सम्झनु पर्छ ।

३. **इजाजतपत्र लिनु पर्ने**: इजाजतपत्र लिन चाहने व्यक्तिले बोर्डको सिफारिस सहित देहायका ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ :-

(क) चलचित्र निर्माण गर्न अनुसूची-१ बमोजिमको ढाँचामा,

(ख) चलचित्र वितरण गर्न अनुसूची-२ बमोजिमको ढाँचामा,

(ग) चलचित्र प्रदर्शन गर्न अनुसूची-३ बमोजिमको ढाँचामा र

(घ) चलचित्र घर निर्माण गरी चलाउन अनुसूची-४ बमोजिमको ढाँचामा ।

४. **इजाजतपत्र दिनु पर्ने**: नियम ३ बमोजिम परेको दरखास्त जाँचबुझ गर्दा इजाजतपत्र दिन मनासिब देखिएमा मन्त्रालयले नियम ५ मा उल्लिखित दस्तुर लिई दरखास्तवालालाई देहायका ढाँचामा इजाजतपत्र दिनु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

(क) चलचित्र निर्माण गर्न अनुसूची-५ बमोजिमको ढाँचामा,

(ख) चलचित्र वितरण गर्न अनुसूची-६ बमोजिमको ढाँचामा,

(ग) चलचित्र प्रदर्शन गर्न अनुसूची-७ बमोजिमको ढाँचामा र

(घ) चलचित्र घर निर्माण गरी चलाउन अनुसूची-८ बमोजिमको ढाँचामा ।

५. **इजाजतपत्र दस्तुर**: नियम ४ बमोजिम इजाजतपत्र लिंदा देहायको दस्तुर लाग्नेछ :-

(क) चलचित्र निर्माण गर्नको लागि-

(१) स्वदेशी व्यक्तिबाट निर्माण गरिने कथानक चलचित्रको लागि पन्धहजार रूपैयाँ र अन्य चलचित्रको लागि पाँचहजार रूपैयाँ,

(२) स्वदेशी तथा विदेशी व्यक्तिको संयुक्त लगानीमा निर्माण गरिने कथानक चलचित्रको लागि एकहजार अमेरिकी डलर र अन्य चलचित्रको लागि पाँचसय अमेरिकी डलर ।

तर स्वदेशी व्यक्तिले भारतीय व्यक्तिसँग संयुक्त लगानीमा चलचित्र निर्माण गरेकोमा भारतीय व्यक्तिले आधा रकम भारतीय मुद्रामा र स्वदेशी व्यक्तिले आधा रकम नेपाली मुद्रामा तथा स्वदेशी व्यक्तिले अन्य विदेशी व्यक्तिसँग संयुक्त लगानीमा चलचित्र निर्माण गरेकोमा नेपाली व्यक्तिले आधा रकम नेपाली मुद्रामा बुझाउन सक्नेछ ।

(३) विदेशी व्यक्तिबाट निर्माण गरिने कथानक चलचित्रको लागि दुईहजार अमेरिकी डलर र अन्य चलचित्रको लागि एकहजार अमेरिकी डलर ।

तर भारतीय व्यक्तिले सो रकम भारतीय मुद्रामा बुझाउन सक्नेछ ।

स्पष्टीकरण: यस नियमावली बमोजिम कथानक चलचित्र र अन्य चलचित्रको वर्गीकरण मन्त्रालयले गर्नेछ ।

(ख) चलचित्र वितरण गर्नको लागि-

(१) स्वदेशी चलचित्र वितरण गर्नको लागि दशहजार रूपैयाँ,

(२) नेपाल अधिराज्यबाहिर निर्माण भएको जुनसुकै चलचित्र नेपालभित्र वितरण गर्नको लागि बीसहजार रूपैयाँ ।

(ग) चलचित्र प्रदर्शन गर्नको लागि देहायका स्थानमा देहाय बमोजिमको दस्तुर लाग्नेछ :-

| | | चलचित्र घर | भिडियो चलचित्र घर |
|---|---|---|---|
| (१) | महानगरपालिका | ३०,०००।- | २५,०००। |
| (२) | उप-महानगरपालिका | २५,०००।- | २०,०००।- |
| (३) | नगरपालिका | २०,०००।- | १५,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 283

(४) गाउँ विकास समिति १५,०००।- १०,०००।-

(घ) चलचित्र घर निर्माण गरी चलाउनको लागि देहायको स्थानमा देहाय बमोजिम दस्तुर लाग्नेछ :-

| | | चलचित्र घर | भिडियो चलचित्र घर- |
|---|---|---|---|
| (१) | महानगरपालिका | ३०,०००।- | २५,०००।- |
| (२) | उप-महानगरपालिका | २५,०००।- | २०,०००।- |
| (३) | नगरपालिका | २०,०००।- | १५,०००।- |

६. <u>सुविधाको आधारमा चलचित्र घरको वर्गीकरण गर्ने</u>: (१) चलचित्र घरमा हुनुपर्ने न्यूनतम व्यवस्था अनुसूची -९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मन्त्रालयले चलचित्र घरमा भएको सुविधाको आधारमा चलचित्र घरलाई "क", "ख" र "ग" गरी तीन श्रेणीमा वर्गीकरण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम चलचित्र घरको श्रेणी वर्गीकरण गरिसकेपछि कुनै चलचित्र घरमा सुविधा थपघट भएमा सुविधा थपघट भएको आधारमा चलचित्र घरलाई माथिल्लो वा तल्लो चलचित्र घरको वर्गीकरण गरिनेछ ।

७. <u>चलचित्र घर जाँच समिति</u>: (१) नयाँ निर्माण भएको चलचित्र घर जाँच गर्नको लागि प्रत्येक जिल्लामा देहायका सदस्यहरू रहेको चलचित्र घर जाँच समिति रहनेछ :-

(१) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(२) प्रतिनिधि, आवास तथा शहरी विकास कार्यालय -सदस्य

(३) प्रतिनिधि, नेपाल चलचित्र संघ -सदस्य

८. <u>चलचित्र घर जँचाउनु पर्ने</u>: (१) चलचित्र घर निर्माण गर्ने व्यक्तिले चलचित्र घर निर्माण गरिसकेपछि चलचित्र घर जाँच समितिबाट जँचाउनु पर्नेछ ।

(२) चलचित्र घर जाँच समितिले चलचित्र घर जाँच गर्दा सो घरमा नियम ६ मा उल्लेख भए बमोजिमको व्यवस्था पूरा भएको देखेमा सो कुरा मन्त्रालय समक्ष लेखी पठाउनु पर्नेछ ।

९. <u>इजाजतपत्रको अवधि</u>:(१) चलचित्र निर्माण गर्न इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्र प्राप्त गरेको मितिले कथानक चलचित्र तीन वर्ष भित्र र अन्य चलचित्र एकवर्ष भित्र निर्माण गरिसक्नु पर्नेछ ।

तर सो म्याद भित्र चलचित्र निर्माण गर्न नसकेको मनासिब कारण देखाई इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्रको म्याद समाप्त हुनु अगावै म्याद थपको लागि मन्त्रालय समक्ष दरखास्त गरेमा र सो व्यहोरा मनासिब देखिएमा मन्त्रालयले कथानक चलचित्र भए एक वर्ष र अन्य चलचित्र भए तीन महिनासम्मको म्याद थप गरिदिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) चलचित्र वितरण तथा प्रदर्शन गर्न दिइएको इजाजतपत्रको अवधि तीन वर्ष हुनेछ ।

१०. **इजाजतपत्रको नवीकरण**: (१) वितरकले चलचित्र वितरण गर्न दिइएको इजाजतपत्रको अवधि समाप्त भएको मितिले पैंतीस दिन भित्र स्वदेशी चलचित्र भए सातहजार रूपैयाँ र विदेशी चलचित्र भए बीसहजार रूपैयाँ तिरी मन्त्रालयबाट इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र इजाजतपत्र नवीकरण गर्न नसकेमा देहायका अवधिभित्र देहाय बमोजिमको थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गर्न सकिनेछ :-

(क) इजाजतपत्र नवीकरण गर्ने म्याद समाप्त भएको मितिले पैंतीस दिन भित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले दुई महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत ।

(३) प्रदर्शकले चलचित्र प्रदर्शन गर्न पाएको इजाजतपत्रको अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र देहायका स्थानमा चलचित्र घरमा देहाय बमोजिम दस्तुर तिरी मन्त्रालयबाट इजाजतपत्र नवीकरण गराउनु पर्नेछ :-

| | | चलचित्र घर | भिडियो चलचित्र घर |
|---|---|---|---|
| (१) | महानगरपालिका | २५,०००।- | २०,०००।- |
| (२) | उप-महानगरपालिका | २०,०००।- | १६,०००।- |
| (३) | नगरपालिका | १५,०००।- | १२,०००।- |
| (४) | गाउँ विकास समिति | १०,०००।- | ८,०००।- |

(४) उपनियम (३) बमोजिमको म्यादभित्र इजाजतपत्र नवीकरण गर्न नसकेमा देहायको अवधिभित्र देहाय बमोजिमको थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गर्न सकिनेछ :-

(क) इजाजतपत्र नवीकरण गर्ने म्याद समाप्त भएको मितिले पैंतीस दिन भित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले दुई महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत ।

(५) सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयले चलचित्र घरमा यस नियमावली बमोजिम हुनु पर्ने भौतिक अवस्था ठीक भए नभएको सम्बन्धमा प्रत्येक तीन वर्षमा सो कार्यालय, जिल्ला विकास समिति र आवास तथा शहरी विकास कार्यालयका प्रतिनिधि रहेको टोलीबाट जाँच गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपदफा (५) बमोजिम जाँच गराउँदा चलचित्र घरमा यस नियमावली बमोजिम हुनु पर्ने भौतिक अवस्था ठीक भएको देखिएमा र सो व्यहोराको सिफारिस मन्त्रालयमा पठाएमा मात्र मन्त्रालयले यस नियम बमोजिम सो घरमा चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र नवीकरण गर्नेछ ।

(७) उपनियम (२) वा (४) बमोजिमको म्याद भित्र पनि इजाजतपत्र नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र स्वत: रद्द हुनेछ ।

११. **इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त**: चलचित्र निर्माण, वितरण, प्रदर्शन गर्न तथा चलचित्र घर निर्माण गरी चलाउन इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्रमा उल्लेख भए बमोजिमको शर्तहरू पालना गर्नु पर्नेछ ।

१२. **इजाजतपत्रको बिक्री वा हस्तान्तरण**: (१) चलचित्र निर्माण गर्न इजाजतपत्र प्राप्त व्यक्तिले चलचित्र निर्माण गर्ने इजाजतपत्र प्राप्त गरेपछि चलचित्र निर्माण हुनु अगावै वा चलचित्र निर्माणाधीन अवस्थामा वा चलचित्र निर्माण भैसकेपछि सो इजाजतपत्र अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र बिक्री वा हस्तान्तरण गर्न चाहेमा इजाजतपत्र बिक्री वा हस्तान्तरण गर्ने वा लिने व्यक्तिले मन्त्रालय समक्ष एक हजार रूपैयाँ दस्तुर तिरी संयुक्त दरखास्त दिएमा मन्त्रालयले त्यस्तो इजाजतपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

१३. **सम्पर्क अधिकृतको व्यवस्था**: (१) मन्त्रालयले आवश्यक ठानेमा कम्तीमा प्रमाणपत्रतह उत्तीर्ण गरेको कर्मचारीलाई निर्मातासँग सम्पर्क अधिकृत खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खटिएको सम्पर्क अधिकृतलाई सम्बन्धित निर्माताले देहायका सुविधा उपलब्ध गराउनु पर्नेछ:-

(क) खान, बस्न र सवारीको सुविधा,

(ख) हिमाली क्षेत्रमा चलचित्र छायाङ्कन गर्न जाँदा आवश्यक पर्ने मौसम अनुसारको लत्ताकपडा, औजार तथा औषधोपचारको व्यवस्था,

(ग) कम्तीमा तीन लाख रूपैयाँको आवधिक जीवन बीमाको व्यवस्था,

(घ) प्रचलित नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता,

(३) सम्पर्क अधिकृत निर्मातासँग जाँदा दुर्घटना परी अङ्गभङ्ग भएमा सो बापत लाग्ने उपचारको सम्पूर्ण खर्च र अङ्गभङ्गको प्रकृति अनुरुप दुईलाख रूपैयाँसम्म क्षतिपूर्ति निर्माताले सम्पर्क अधिकृतलाई दिनु पर्नेछ ।

१४. **क्षतिपूर्ति निर्धारण समिति**: (१) सम्पर्क अधिकृतको दुर्घटनामा परी अङ्गभङ्ग भएमा निजले पाउने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपूर्ति निर्धारण समिति रहनेछ :-

(क) मन्त्रालयको सह-सचिव -अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) स्वास्थ्य मन्त्रालयले तोकेको चिकित्सक एकजना -सदस्य

(ग) सम्बन्धित निर्माताको प्रतिनिधि -सदस्य

(घ) मन्त्रालयले तोकेको अधिकृत -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>सम्पर्क अधिकृतको काम, कर्तव्य र अधिकार</u>: सम्पर्क अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) इजाजतपत्रमा उल्लेख भए बमोजिमको कथावस्तु अनुरुप सम्बन्धित ठाउँमा मात्र चलचित्र छाँयाङ्कन गर्न लगाउने,

(ख) निर्माताले कथावस्तु र छाँयाङ्कन गर्ने ठाउँ परिवर्तन गर्न चाहेमा आफ्नो राय मन्त्रालय समक्ष पेश गर्ने,

(ग) नेपाल अधिराज्यको संविधान, २०४७ को मूल भावना विपरीत हुन जाने विषय, मुलुकको सार्वभौमसत्ता, अखण्डता, शान्ति सुरक्षा र संस्कृतिमा आँच आउने विषय र नेपाली नागरिक वा कुनै जनजाती विशेषको बारेमा रुग्ण वा नग्न चित्रण छाँयाङ्कन गर्न नदिने ,

(घ) राष्ट्रिय प्रतिष्ठामा आँच आउने किसिमका दृश्यहरू छाँयाङ्कन गर्न नदिने,

(ङ) श्री ५ को सरकारबाट निषेधित क्षेत्रमा सम्बन्धित निकायको स्वीकृति नलिई छाँयाङ्कन गर्न नदिने र निषेधित क्षेत्र भए नभएको सम्बन्धमा शङ्का लागेमा सम्बन्धित प्रहरी तथा निकायमा बुझ्ने ।

(च) चलचित्र छायाङ्कन गर्न नपाइने क्षेत्रमा निर्माताले जवरजस्ती चलचित्र छायाङ्कन गरेमा सो कुराको जानकारी छिटो साधनद्वारा मन्त्रालयमा गराउने,

(छ) मन्त्रालयले दिएको निर्देशनको पालना गर्ने,

(ज) चलचित्र छायाङ्कन गरेको ठाउँ र विषयमा चलचित्र छायाङ्कन समाप्त भएको मितिले बाटाको म्याद बाहेक सात दिनभित्र मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने ।

१६. <u>चलचित्र जाँच समितिको गठन</u>: (१) चलचित्रको जाँच गर्नको लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको एक केन्द्रीय चलचित्र जाँच समिति रहनेछ :-

(क) मन्त्रालयको सह-सचिव -अध्यक्ष

(ख) प्रतिनिधि, गृह मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(घ) चलचित्र सम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरूमध्येबाट मन्त्रालयले तोकेको एकजना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महिला सहित तीन जना -सदस्य

(ङ) मन्त्रालयको उप-सचिव -सदस्य-सचिव

(२) काठमाडौं उपत्यका बाहिर चलचित्र घर निर्माण भएका प्रत्येक जिल्लामा चलचित्र जाँच गर्नको लागि देहाय बमोजिमको स्थानीय चलचित्र जाँच समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) सूचना केन्द्र भएको जिल्लामा सो केन्द्रको प्रमुख र सूचना केन्द्र नभएको जिल्लामा जिल्ला हुलाक कार्यालयको प्रमुख -सदस्य

(ग) चलचित्र सम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट मन्त्रालयले तोकेको एकजना महिला सहित तीन जना -सदस्य

(३) केन्द्रीय चलचित्र जाँच समिति वा स्थानीय चलचित्र जाँच समितिले आवश्यक देखेमा सम्बधित क्षेत्रका विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम गठित केन्द्रीय चलचित्र जाँच समिति र स्थानीय चलचित्र जाँच समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. <u>चलचित्र जाँच गराउनु पर्नेः</u> (१) प्रदर्शकले चलचित्र जाँच गराउनको लागि अनुसूची -१० बमोजिमको ढाँचामा सम्बन्धित चलचित्र जाँच समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) प्रदर्शकले चलचित्र जाँच समितिबाट अनुमति पाएका चलचित्र मात्र प्रदर्शन गर्नु पर्नेछ ।

१८. <u>पुनः चलचित्र जाँच गराउनु नपर्नेः</u> केन्द्रीय चलचित्र जाँच समितिबाट जाँच भइसकेका चलचित्र काठमाडौं उपत्यका बाहिर प्रदर्शन गर्नको लागि पुनः जाँच गराउनु पर्ने छैन ।

तर स्थानीय चलचित्र जाँच समितिबाट जाँच भएका चलचित्र अर्को जिल्लामा प्रदर्शन गर्नको लागि पुनः जाँच गर्नु पर्नेछ ।

१९. <u>चलचित्र प्रदर्शन गर्ने समयः</u> प्रदर्शकले मन्त्रालयले तोकिदिएको समयमा मात्र चलचित्र प्रदर्शन गर्नु पर्नेछ ।

२०. <u>टिकट दर र श्रेणीः</u> चलचित्र घरमा कायम गरिने विभिन्न श्रेणी र टिकट दर मन्त्रालयले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

तर पूर्ण वातानुकूलित "क" श्रेणीका चलचित्र घरमा कायम हुने विभिन्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रेणीको टिकट दर मन्त्रालयबाट स्वीकृत परिधिभित्र रही प्रदर्शकले तोक्न सक्नेछ । प्रदर्शकले त्यसरी टिकट दर तोकेकोमा त्यसको जानकारी तुरुन्त मन्त्रालय र स्थानीय जिल्ला प्रशासन कार्यालयलाई दिनु पर्नेछ ।

२१. **चलचित्र विकास बोर्डको गठन**: (१) चलचित्रको विकास र प्रवर्द्धनका लागि देहाय बमोजिमको चलचित्र विकास बोर्ड गठन हुनेछ :-

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति -अध्यक्ष

(ख) मन्त्रालयको प्रतिनिधि -सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, गृह मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(च) चलचित्र क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूमध्येबाट मन्त्रालयबाट मनोनीत तीन जना -सदस्य

(छ) मन्त्रालयको उप-सचिव -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) बोर्डले चलचित्रको क्षेत्रमा काम गरेको कुनै विशेषज्ञ व्यक्तिलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२२. **बोर्डको बैठक सम्बन्धी कार्यविधि**: (१) बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षले तोकेका मिति, समय र स्थानमा बोर्डको बैठक बस्नेछ ।

(३) सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई बोर्डको बैठक बोलाउनेछ ।

(४) सदस्य-सचिवले बोर्डको बैठक बस्ने सूचना सहित बोर्डमा छलफल हुने विषय समेतको सूची बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै सदस्यलाई दिनु पर्नेछ ।

(५) बोर्डको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(८) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. **बैठक भत्ता**: बोर्डका सदस्यहरूले बोर्डको बैठकमा भाग लिए बापत मन्त्रालयबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

२४. **बोर्डको काम, कर्तव्य र अधिकार**: (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि आवश्यक नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने ।

(ख) चलचित्रको विकास तथा प्रवर्द्धन गर्नका लागि योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।

(ग) चलचित्र क्षेत्रको विकासका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(घ) राष्ट्र भाषा तथा राष्ट्रिय भाषामा स्तरीय चलचित्र निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(ङ) नेपाली कला र संस्कृतिको जगेर्ना हुने किसिमका चलचित्र निर्माण गर्ने वातावरणको सृजना गर्ने ।

(च) नेपालको धार्मिक, सांस्कृतिक र सामाजिक मान्यतामा आँच नआउने गरी नेपाललाई विश्वमा परिचित गराउने खालका चलचित्रको निर्माण गर्नका लागि विदेशी चलचित्र निर्मातालाई प्रोत्साहित गर्ने ।

(छ) चलचित्र महोत्सवको आयोजना गराइ चलचित्र क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिलाई प्रोत्साहित तथा पुरस्कृत गर्ने ।

(ज) नेपाली कला तथा संस्कृतिको सम्वर्धनमा समर्पित चलचित्रकर्मीको जगेर्ना गर्न आवश्यक व्यवस्था मिलाउने ।

(झ) चलचित्रको विकास तथा प्रवर्धन गर्नका लागि उपयुक्त अन्य काम गर्ने गराउने ।

२५. **लेखा परीक्षण**: बोर्डको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

२६. **कार्यविधि निर्धारित गर्ने**: बोर्डले यस नियमावलीको प्रतिकूल नहुने गरी आफ्नो कार्य संचालनका लागि आवश्यक कार्यविधि निर्धारित गरी कार्यान्वयन गर्न सक्नेछ ।

२७. **निर्देशन दिन सक्ने**: मन्त्रालयले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएका निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

२८. **चलचित्र महोत्सव गर्न सक्ने**: कुनै व्यक्तिले बोर्डको स्वीकृति लिई चलचित्र महोत्सव आयोजना गर्न सक्नेछ ।

२९. **खारेजी र बचाउ**: (१) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली,२०४६ खारेज गरिएको छ ।

(२) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण ) नियमावली,२०४६ बमोजिम भए गरेका काम कारवाहीहरू यसै नियमावली बमोजिम भए गरेका मानिनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३ को खण्ड (क) सँग सम्बन्धित)

## चलचित्र निर्माण गर्ने इजाजतपत्रको लागि दिइने दरखास्त

श्री सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरवार ।

चलचित्र निर्माण गर्ने इजाजतपत्र पाउनको लागि देहायका कुराहरू खुलाइ दरखास्त गरेको छु/छौं ।

१. दरखास्तवालाको,
   (क) नाम :
   (ख) ठेगाना :
   स्थायी : अस्थायी :
२. नागरिकता : नागरिकता नं.(विदेशी भए पासपोर्ट नं.),
   जारी गर्ने अधिकारी र मिति :
३. दरखास्तवाला संस्था वा कम्पनी भए दर्ता नं., मिति तथा कार्यालय :
४. निर्माण गर्ने चलचित्रको :
   किसिम : नाम : भाषा : प्रविधि :
५. कथा रचना गर्ने व्यक्तिको नाम :
६. प्रकाशित रचना भए प्रकाशकको नाम :
७. गीत समावेश भए गीतकारको नाम :
८. निर्माण भइसकेको वा निर्माणाधीन चलचित्रसँग सो चलचित्रको नाम मिल्ने वा नमिल्ने:
९. छायाङ्कन गर्ने स्थान :
१०. कलाकार संख्या : स्वदेशी : विदेशी :
११. प्राविधिज्ञको संख्या : स्वदेशी : विदेशी :
१२. चलचित्र निर्माण गर्न लाग्ने अनुमानित रकम :
१३. चलचित्रको निर्माण गर्ने उद्देश्य :
१४. अन्य कुराहरू :
१५. कथा रचना गर्ने व्यक्ति वा निजको वारेसले दिएको मन्जुरीनामाको प्रतिलिपि:

दरखास्तवालाको दस्तखत :

मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२

(नियम ३ को खण्ड (ख) सँग सम्बन्धित)

## चलचित्र वितरण गर्ने इजाजतपत्रको लागि दिइने दरखास्त

श्री सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार ।

चलचित्र वितरण गर्नको लागि देहायको कुराहरू खुलाइ दरखास्त गरेको छु /छौं ।

१. दरखास्तवालाको,
(क) नाम :
(ख) ठेगाना :
स्थायी : अस्थायी :

२. नागरिकता : नागरिकता नं. नागरिकता लिएको जिल्ला र मिति :

३. दरखास्तवाला संस्था वा कम्पनी भए दर्ता नं., मिति तथा कार्यालय :

४. वितरण कार्यालय रहने स्थान :

५. चलचित्र वितरण गर्दा लाग्ने रकम :

६. विदेशी परिवर्त्य मुद्रा चाहिने भए प्राप्त हुने श्रोत :

७. यस अघि वितरण कार्य गरेको भए त्यसको अनुभव :

८. चलचित्र वितरण गर्ने तरिका:
(क) बिक्री गर्ने : (ख) भाडामा दिने :

९. अन्य कुराहरू :

दरखास्तवालाको दस्तखत :
मिति :



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

## अनुसूची–३

(नियम ३ को खण्ड (ग) सँग सम्बन्धित)

### चलचित्र प्रदर्शन गर्न इजाजतपत्रको लागि दिइने दरखास्त

श्री सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार ।

चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाइ यो दरखास्त गरेको छु /छौं ।

१. दरखास्तवालाको,
(क) नाम :
(ख) ठेगाना :
स्थायी : अस्थायी :

२. प्रदर्शन गर्ने चलचित्र घर भएको स्थान:
जिल्ला : न.पा./गा.वि.स.:
वडा नं. : टोल :

३. चलचित्र घरको किसिम :

४. प्रदर्शन हुने प्रविधि :

५. प्रदर्शन गर्ने अवधि :

६. अन्य कुराहरू :

७. दरखास्त साथ पेश गर्नुपर्ने कागजात :
(क) प्रदर्शन गर्ने चलचित्र घर जाँचपासको प्रमाणपत्रको प्रतिलिपि
(ख) जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि

दरखास्तवालाको दस्तखत :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -४

(नियम ३ को खण्ड (घ) सँग सम्बन्धित)

## चलचित्र घर निर्माण गरी चलाउने इजाजतपत्रको लागि दिइने दरखास्त

चलचित्र घर निर्माण गरी चलाउने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाइ यो दरखास्त गरेको छु/छौं ।

१. दरखास्तवालाको,
   (क) नाम :
   (ख) ठेगाना :
   स्थायी : अस्थायी :
२. चलचित्र घर निर्माण गर्ने स्थान : जिल्ला गा.वि.स./न.पा.: वडा नं. टोल :
३. चलचित्र घर व्यक्तिगत वा सामुहिक के कसरी निर्माण गर्ने हो सोको विवरण :
४. चलचित्र घरको किसिम :
५. चलचित्र घर निर्माण गर्दा लाग्ने पूँजी :
६. चलचित्र घर निर्माण गर्ने अवधि :
७. चलचित्र घरमा रहने सिट संख्या :
८. अन्य कुराहरू :
९. दरखास्तसाथ पेश गर्नु पर्ने कुराहरू :
   (क) जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि-१
   (ख) प्रस्तावित चलचित्र घरको नक्सा-१

दरखास्तवालाको दस्तखत :

मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

२६०

## अनुसूची–५

(नियम ४ को खण्ड (क) सँग सम्बन्धित)

## चलचित्र निर्माण गर्न दिइने इजाजतपत्र

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम चलचित्र निर्माण गर्न यो इजाजतपत्र दिइएको छ ।

१. ईजाजतपत्र पाउनेको,
   (क) नाम :
   (ख) ठेगाना :
   स्थायी : अस्थायी :
२. चलचित्रको,
   (क) किसिम :
   (ख) नाम :
   (ग) भाषा :
   (घ) कुल लम्बाई :
३. कथा रचना गर्ने व्यक्तिको नाम :
४. चलचित्र छायाङ्कन गर्ने ठाउँ :
५. चलचित्र निर्माण गर्ने प्रस्तावित मिति :
६. चलचित्र निर्माण गर्ने प्रस्तावित अवधि :
७. चलचित्र निर्माण गर्न लाग्ने अन्दाजी पूँजी :
८. इजाजतपत्र नं. :
९. इजाजतपत्र बहाल रहने अवधि :
१०. इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरू :
   (क) इजाजतपत्रमा तोकिएको स्थानमा स्वीकृत कथावस्तु अनुरुप चलचित्र छायाङ्कन गर्नु पर्ने,
   (ख) श्री ५ को सरकारले निषेध गरेको ठाउँमा चलचित्र छायाङ्कन नगर्ने,
   (ग) राष्ट्रिय सम्मान, संस्कृति, परम्परा वा धार्मिक मान्यतामा आघात पर्ने गरी चलचित्र निर्माण नगर्ने ।
   (घ) चलचित्र निर्माण गरिसकेपछि चलचित्र निर्माण हुँदा भएका खर्च, चलचित्र निर्माण गर्दा संलग्न कलाकार तथा छायाङ्कन गरिएको ठाउँसमेत खुलेको विवरण छायाङ्कन समाप्त भएको मितिले पैंतीस दिन भित्र मन्त्रालय समक्ष पेश गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ङ) विदेशी चलचित्र निर्माताले नेपाल अधिराज्यभित्र खिचिएको चलचित्रको एक प्रति मन्त्रालयमा निःशुल्क पेश गर्ने ।

<u>इजाजतपत्र दिने अधिकारीको,-</u>

दस्तखत :

नाम :

पद :

कार्यालय :

मिति :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–६

(नियम ४ को खण्ड (ख) सँग सम्बन्धित)

## चलचित्र वितरण गर्न दिइने इजाजतपत्र

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम चलचित्र वितरण गर्न यो इजाजतपत्र दिइएको छ ।

१. इजाजतपत्र पाउनेको,
   (क) नाम :
   (ख) ठेगाना :
   स्थायी : अस्थायी :

३. इजाजतपत्र बहाल रहने अवधि :

४. इजाजत पत्रको किसिम :

५. इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्त :
   (क) चलचित्र वितरण समितिबाट जाँचपास भएका चलचित्र मात्र वितरण गर्ने,
   (ख) चलचित्र निर्माता वा त्यस्तो निर्माताबाट अधिकार प्राप्त व्यक्तिबाट स्वीकृति नलिई चलचित्र वितरण नगर्ने,
   (ग) अर्को वितरकले स्वीकृति पाएको चलचित्र वितरण नगर्ने,
   (घ) चलचित्र वितरण सम्बन्धी विवरण प्रत्येक वर्ष बोर्डमार्फत मन्त्रालयमा पेश गर्ने,
   (ङ) मन्त्रालय वा बोर्डले चलचित्र वितरण सम्बन्धमा दिएको निर्देशनको पालना गर्ने ।

इजाजतपत्र दिने अधिकारीको,-

दस्तखत :

नाम :

दर्जा :

कार्यालय :

मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

## अनुसूची-७

(नियम ३ को खण्ड (ग) सँग सम्बन्धित)

## चलचित्र प्रदर्शन गर्न दिइने इजाजतपत्र

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम चलचित्र प्रदर्शन गर्न यो इजाजतपत्र दिइएको छ ।

१. इजाजतपत्र पाउनेको,
   (क) नाम :
   (ख) ठेगाना :
   स्थायी : अस्थायी :

२. चलचित्र प्रदर्शन गर्ने अवधि :

३. चलचित्र प्रदर्शन गर्ने चलचित्र घरको ठेगाना
   जिल्ला : न.पा./गा.वि.स. : वडा नं. : टोल/गाउँ :

४. चलचित्र घरको किसिम :

५. चलचित्र प्रदर्शन हुने प्रविधि :

६. इजाजतपत्र बहाल रहने अवधि :

७. इजाजतपत्रवालाले पालना गर्नुपर्ने शर्त :
   (क) चलचित्र जाँच समितिबाट जाँच भएका चलचित्र मात्र प्रदर्शन गर्ने,
   (ख) वितरकबाट मात्र चलचित्र लिई प्रदर्शन गर्ने,
   (ग) दर्शकको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी कुनै चलचित्र प्रदर्शन नगर्ने,
   (घ) एक चलचित्र घरमा प्रदर्शन गर्न स्वीकृति पाएका चलचित्र अर्को चलचित्र घरमा प्रदर्शन गर्दा सम्बन्धित वितरकको स्वीकृति लिनु पर्ने,
   (ङ) भिडियो वा यस्तै अन्य प्रविधिबाट प्रदर्शन गर्ने गरी निर्माण भएका चलचित्र घरमा नेपालको राष्ट्र भाषा र राष्ट्रिय भाषामा निर्मित चलचित्र मात्र प्रदर्शन गर्ने,
   (च) चलचित्र प्रदर्शन गर्नु अघि दर्शकले पढ्न सक्ने गरी चलचित्र जाँच प्रमाणपत्र प्रदर्शन गर्ने,
   (छ) विदेशी चलचित्र निर्माताले नेपाल अधिराज्यभित्र छायाङ्कन गरेको चलचित्र पहिलो पटक विदेशमा प्रदर्शन गर्नु अघि नजीकको शाही नेपाली राजदूतावास, महावाणिज्य दूतावास वा वाणिज्य दूतावासबाट स्वीकृति लिनु पर्ने,
   (ज) चलचित्र प्रदर्शन सम्बन्धी विवरण प्रत्येक वर्ष बोर्डमार्फत मन्त्रालयमा पेश गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४

(झ) मन्त्रालय वा बोर्डले चलचित्र प्रदर्शन सम्बन्धमा दिएको निर्देशनको पालना गर्ने ।

इजाजतपत्र दिने अधिकारीको,-
दस्तखत :
नाम :
दर्जा :
कार्यालय :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची–८

(नियम ४ को खण्ड (घ) सँग सम्बन्धित )

### चलचित्र घर निर्माण गरी चलाउन दिइने इजाजतपत्र

१. इजाजतपत्र पाउनेको,

(क) नाम :

(ख) ठेगाना :

स्थायी : अस्थायी :

२. चलचित्र घरको नाम :

३. चलचित्र घर निर्माण गर्ने स्थान :

जिल्ला : गा.वि.स. ⁄ न.पा.: वडा नं.:

४. चलचित्र घर व्यक्तिगत वा सामूहिक के कसरी निर्माण गर्ने हो सोको विवरण :

५. चलचित्र घर निर्माण गर्ने अवधि :

६. चलचित्र घरमा रहने सिट संख्या :

७. इजाजतपत्र वहाल रहने अवधि :

८. इजाजतपत्रवालाले पालन गर्नु पर्ने शर्त :

(क) दरखास्त अनुसार पेश भएको नक्सा अनुरुप यस नियमावलीको अधिनमा रही चलचित्र घर निर्माण गर्नु पर्ने,

(ख) चलचित्र घर निर्माण सम्बन्धमा मन्त्रालय वा बोर्डले दिएको निर्देशन पालन गर्नु पर्ने ।

इजाजतपत्र दिने अधिकारीको,-

दस्तखत :

नाम :

पद :

कार्यालय :

मिति :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६६

## अनुसूची-९

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

## चलचित्र घरमा हुनुपर्ने न्यूनतम व्यवस्थाहरू

१. सेल्यूलाइड चलचित्र घरमा सिनेमास्कोप देखाउने किसिमको मञ्च, स्क्रिन, वाल र पर्दा,

२. प्रत्येक सय सिटको लागि महिला र पुरुषको लागि छुट्टा छुट्टै एउटा दिसा खण्ड र चार वटा पिसाव खण्ड सहितको शौचालय,

३. चलचित्र घरको बल्कोनी र ड्रेससर्कलमा दर्शक बस्नका लागि कम्तीमा ४० से.मी. चौडाईको भएको कुर्सीको व्यवस्था र अन्य श्रेणीमा सो अनुसार कुर्सी वा बेञ्चको व्यवस्था,

४. सडक यातायात पुगेका स्थानमा प्रत्येक सय व्यक्तिको लागि १० वर्गमिटरका हिसाबले मोटर, मोटरसाइकल र साइकल पार्क गर्ने अलग-अलग स्थान,

५. प्रत्येक लहरको कुर्सीको पछाडिको विन्दुदेखि अर्को कुर्सीको पछाडि ७५ से.मी. विन्दुसम्मको चौडाई

तर पछाडि पट्टि गारो भएमा पछाडिको सिटको अगाडिको विन्दुदेखि गारोसम्मको दूरी न्यूनतम ९४ से.मी.र अगाडि पट्टि गारो वा रेलिंग भएमा अगाडिको सिटको पछाडिको विन्दूदेखि गारो वा रेलिंगसम्म न्यूनतम ८४ से.मी.दुरी,

६. प्रत्येक लहरमा कम्तीमा दश वटा सिटपछि कम्तीमा चार फिटको आवागमन स्थान,

७. दर्शक र प्रदर्शन पर्दा बीच कम्तीमा ५ मिटर दूरी,

८. प्रत्येक एकसय दर्शकको लागि कम्तीमा १०७ से.मी.को एउटा प्रवेशद्वार र प्रत्येक दुईसय दर्शकको लागि कम्तीमा १२० से.मी.को एउटा आकस्मिक द्वार ,

९. बाल्कोनी ड्रेससर्कल र अन्य श्रेणीको लागि छुट्टा-छुट्टै र सुविधायुक्त टिकट बिक्रीको व्यवस्था,

१०. ढल निकासको राम्रो व्यवस्था,

११. प्रत्येक सय सिटका लागि चार वटा अग्नी नियन्त्रण साधन,

१२. ध्वनी राम्रोसँग सुन्न सकिने प्रदर्शन कक्ष,

१३. छुट्टै चमेना गृहको व्यवस्था,

१४. कम्तीमा पच्चीस प्रतिशत दर्शकहरू अटाउने छुट्टै प्रतिक्षालय,

१५. प्राथमिक चिकित्सा व्यवस्था,

१६ चलचित्र घरले ओगटेको क्षेत्र बाहेक पर्याप्त खाली ठाउँ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. वातानुकूलित व्यवस्था वा हावा तातो वा चिसो राख्ने व्यवस्था वा सो नभएमा तराई वा वेसी क्षेत्र भए प्रत्येक सय दर्शकको लागि चार वटा सिलिंग वा छ वटा भित्ते पंखा वा पहाडी वा हिमाली क्षेत्र भए भौगोलिक अवस्था अनुसार आवश्यक मात्रामा पंखा,

१८ दर्शक बस्ने स्थानदेखि सिलिंगसम्मको उचाई तराई र वेसी क्षेत्र भए बालकोनी भएको स्थानमा कम्तीमा १२ फिट र बालकोनी नभएको स्थानमा २० फिट तथा उच्च पहाडी एवं हिमाली क्षेत्रमा भए बालकोनी भएको स्थानमा कम्तीमा १० फिट र बालकोनी नभएको स्थानमा १२ फिट,

१९. सडक यातायात पुगेका स्थानमा चलचित्र घरसम्म पुग्न कम्तीमा १६ फिटको सडक ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१०

(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

### चलचित्र जाँच गराउनको लागि दिइने दरखास्त

श्री केन्द्रीय चलचित्र जाँच समिति/स्थानीय चलचित्र जाँच समिति,

.......... ............ ......

चलचित्र जाँच गराउनको लागि देहायका कुरा खुलाइ दरखास्त गरेको छु/छौं ।

१. चलचित्रको नाम :

२. चलचित्रको किसिम,

(क) स्वदेशी :

(ख) विदेशी :

३. निर्माताको नाम :

४. निर्देशकको नाम :

५. मुख्य कलाकारको नाम :

६. चलचित्रको,:

(क) लम्बाई :

(ख) रिल संख्या :

७. पैठारी गरी ल्याइएको भए मिति :

८. अन्य कुरा :

दरखास्तवालाको,
दस्तखत :
नाम :
ठेगाना :
मिति :

आज्ञाले,

**श्रीराम पौडेल**

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

२६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।